# चापाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चापाकोट, स्याङ्जा

स्थाः२०७३

गण्डकी प्रदेश,नेपाल


पत्र संख्याः०८१/०८२

च.नः

## करार सेवामा भर्ना सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१७

यस नगरपालिकामा रिक्त रहेका देहायका पदहरु सेवा करारमा लिनुपर्ने भएकोले चापाकोट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ र चापाकोट नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम योग्यता पुगेका नेपाली नागरिकलाई दरखास्त आह्वान गरिन्छ। दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गरी निर्दिष्ट स्थानमा हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो टाँस गरि दरखास्त साथ आँफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव, सम्बन्धित स्वास्थ्य व्यवसायी परिषद्को दर्ता प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति भरि कार्यालयमा बुझाउनुपर्नेछ ।

देहायः

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | सेवा/समूह | छनोट विधि | पद संख्या | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १. | १०/ ०८१-८२ | हेल्थ असिष्टेन्ट | पाचौं | करार | लिखित र अन्तर्वार्ता | १ | ५०० |
| २. | ११/ ०८१-८२ | स्टाफ नर्स | पाचौं | करार | लिखित र अन्तर्वार्ता | २ | ५०० |
| ३. | १२/ ०८१-८२ | अ.न.मी. | चौथो | करार | लिखित र अन्तर्वार्ता | १ | ५०० |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क. शैक्षिक योग्यता

**हेल्थ असिष्टेन्ट** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिष्टेन्ट कोर्स उर्तीर्ण गरी सम्बन्धित परिषद्को प्रमाणपत्र प्राप्त गरेको, **स्टाफ नर्स** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पि.सि.एल. नर्सिङ्ग कोर्स उर्तीर्ण गरी सम्बन्धित परिषद्को प्रमाणपत्र प्राप्त गरेको र **अ.न.मी** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उर्तीर्ण गरी सम्बन्धित परिषद्को प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,

ग. नेपाली नागरिक,

घ. प्रचलित कानून बमोजिम अयोग्य नभएको।

**२. दरखास्त दिने स्थानः** चापाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा।

**३. दरखास्त दिने अन्तिम मिति** : २०८१/१२/३१ गते कार्यालय समय भित्र ।

**४. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**: आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरूको प्रतिलिपीहरूः

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

ग. सम्बन्धित परिषद्बाट प्राप्त प्रमाणपत्रको प्रतिलिपी,

घ. अनुभव भए सोको कागजात,

ङ. ३ प्रति पासपोर्ट साइजको फोटो,

**५. सेवा सुविधा तथा अन्यः** नेपाल सरकारको प्रचलित नियमानुसार।

**द्रस्टव्यः** थप जानकारीका लागि सम्पर्क नः ०६३४११०८०/८१ मा सम्पर्क गर्नुहोला।

नवराज पौडेल

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत